आज मिति २०७४ पौष १९ गते बुधवार दिनको २:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

**विषयहरु :-**

१. दोश्रो नगर सभाबारे ।

२. जग्गा खरिदबारे ।

३. अन्तर नगर भलिबल आयोजनाबारे

४. कर्मचारी व्यवस्थापनबारे ।

५. विविध ।

**निर्णयहरु :**

१. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९(१) बमोजिम यस नगरपालिकाको दोश्रो नगर सभाको बैठक यही मिति २०७४ माघ ३ र ४ गते भ.न.पा. सभा कक्षमा बस्ने निर्णय गरियो ।

२. यस न.पा.को वडा नं. ३ को वडा समितिको कार्यालय भवन निर्माणको लागि उपयुक्त स्थानमा जग्गा खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाको आयोजनामा अन्तर नगर मेयर कप भलिबल खेलकुद प्रतियोगिता मिति २०७४ फागुन ८ गतेदेखि संचालन गर्ने निर्णय गरियो ।

४. कर्मचारी व्यस्थापनबारे छलफल हुंदा देहाय अनुसार गर्ने :

क. महिला विकास कार्यालयको च.नं. ३६४ मिति २०७४।४।३ गतेको प्राप्त पत्रानुसार यस न.पा.मा कामकाजको लागि खटाइएका तपसिल बमोजिमका कर्मचारीहरु आफ्नै कार्यालयमै हाजिर गरी कामकाज गरी आएकोमा मिति २०७४।१०।२ गतेदेखि नगरपालिका कार्यालयमा हाजिर गराई तोकिएको कार्य गराउने निर्णय गरियो ।

**तपसिल**

१. महिला विकास निरीक्षक श्री शान्तादेवी पन्थ

२. सहायक महिला विकास निरीक्षक श्री शान्ति के.सी.

ख. शिक्षा शाखाको लागि एक जना कम्प्युटर अप्रेटर र एक जना का.स. सेवा करारमा लिने ।

ग. देको, मिवा, इतापाके र तुमचो जग्गा एकीकरण आयोजनाको लागि आवश्यक कर्मचारीहरु करार सेवामा लिने ।

घ. कर्मचारीहरुको आन्तरिक मिलानको लागि वडाध्यक्षहरु रविन्द्र ज्याख्व, वडा अध्यक्ष उकेश कवां, वडा अध्यक्ष हरि प्रसाद बासुकला, वडा अध्यक्ष राजकृष्ण गोरा र कार्यकारी अधिकृतलाई जिम्मा दिने ।

५. यस न.पा.को वडा नं. १ देखि १० सम्मको वडास्तरीय योजना संचालन तथा खर्च सम्बन्धी कार्यविधि तयार गर्न निर्माण समितिलाई जिम्मा दिने निर्णय गरियो ।